वारेकोट गाउपालिका
गाउं कार्यपालिकाको कार्यालय
मिति २०७७ जेठ २४ गतेको कार्यपालिका को बैठक

आज मिति २०७७ साल जेठ महिनाको २४ गतेका दिन यस वारेकोट गाउँपालिकाका अध्यक्ष एवं गाउं कार्यपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाह ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी आवश्यक निर्णयहरु गरियो ।

उपस्थिति

| क.सं | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २ | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३ | श्री द्वारिका प्रसाद बुडा | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री कर्ण कामी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री मन बहादुर शाही | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सृजना बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री अर्जावर सिंह | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तिले महतारा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री बसन्त शाही | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री लालभक्त सिंह | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री शंसिराम गौतम | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री देउमा बुडा | कार्यपालिका सदस्य | |
| १३ | श्री ऐन बहादुर परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री ममिता पुन | कार्यपालिका सदस्य | |
| १५ | श्री धर्नाविर कामी | कार्यपालिका सदस्य | |
| १६ | श्री सुन्दरी सार्की | कार्यपालिका सदस्य | |
| १७ | श्री शिला सार्की | कार्यपालिका सदस्य | |
| १८ | श्री गोविन्द बहादुर सिंह | नि. प्रमुख प्रशासकीय अधिकृत | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

*बारेकोट गाउँपालिका, गाउँकार्यपालकाको बैठक*
*२०७७ जेष्ठ २४*
*गते*

**निर्णयहरु**
विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९)संक्रमण महामारीका कारण देश तथा विदेशको जनजीवन प्रभावित भैरहेको अवस्थामा यस बारेकोट गाउँपालिका, गाउँकार्यपालिकाको बसेको बैठकबाट तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

**निर्णय नं १**
कोरोना भाइस (कोभिड-१९) संक्रमण, रोकथाम तथा उपचार कोषमा तपशिलमा उल्लेखित शिर्षकवाट रकमान्तर गर्ने निर्णय गरीयो ।

१) अध्यायन भ्रमण अवलोकन रु १० लाख
२) गाउसभा वाउन्डरी रु १० लाख
३) घाट देखि ४ नं वडा कार्यालय सम्मको सडक रु १५ लाख
४) फनिचर फिनिसिङ रु ३० लाख

**निर्णय नं २**
२. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को महामारीको रोकथामका लागि तपशिलमा उल्लेखित कार्यालयवाट भएको खर्च समर्थन गर्ने निर्णय गरियो ।

**खर्च रकम**
१) राहत वितरण सवै वडामा रु १५३७१००।
२) अन्य जिल्लावाट आएका व्यक्तिहरुको क्वारिनटीन खर्च सवै वडामा रु ३१२४१३।
३) औषौधी, पीपइि, थर्मगण खरिद रु ४०४९३३।
४) काठमाण्डौं,नेपालगन्ज,सुर्खेत वाट आउने नागरीकहरु वसारपसार वसभाडा खर्च रु २९८१००
५) प्रचारप्रसार सवै वडाको खर्च रु ५०००००।

**निर्णय नं ३**
२. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को महामारीको रोकथामका लागि तपशिलमा उल्लेखित समानहरु प्राप्त भएकोले कोरोना कोषवाट भुक्तानी गर्ने निर्णय गरियो ।

१) भि टी एम किट खरिद रु २२६०००।
२) पीपीइ खरिद रु २१४७००।
३) आर डी टी किट खरिद रु ६१०२००।

**निर्णय नं ४**
२. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) वाट यस पालिकामा पनि ४ जना संक्रमित भेटिएकोले आवश्यक आइसोलेशन निर्माण, स्वास्थयकर्मी, औषधी व्यवस्था, पिसिआर को दायरा वढाउन, आवश्यक सुरक्षाका लागि नेपाली सेना लगाएत कोरना नियन्त्रणका सवै संयन्त्र परिचालनका लागि जिल्ला विपद व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) वाट यस पालिकामा पनि ४ जना संक्रमित भेटिएकोले कोरनावाट सुरक्षित हुनका लागि गाउपालिक , गाउपालिकाका सवै वडा कार्यालय, बिषयगत कार्यालयहरु, अति आवश्यकताका सेवा वाहेक स्वास्थ्य सेवा कार्यलयहरुले दिने सेवाहरु वन्द गर्ने र कार्यालय कर्मचारीहरु कार्यालय प्रमुखको सम्पर्कमा रहने र आवश्यकताअनुसार कोरना रोकथाम नियन्त्रणमा परिचालन गर्ने निर्णय गरियो ।

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

*बारेकोट गाउँपालिका, गाउँकार्यपालकाको बैठक*
*२०७७ जेष्ठ २४*
*गते*

निर्णय नं ६

भारत लगाएतका अन्य मुलुकवाट आएका व्यक्तिहरुलाई सुरिक्षित राख्नका लागि तपवशिलका स्थानमा क्वारिनटीन निर्माण तथा व्यवस्थापन गर्ने उक्त क्वारिनटीनहरु व्यवस्थापन गर्नका शिक्षक परिचालन गर्ने निर्णय गरियो ।

१) विश्व आवि सेपुखोला वडा नं ८
२) दिपेन्द्र मावि सकला वडा नं ९
३) हरिहर आवि वडा नं ७
४) सिता आवि वडा नं ७
५) सिता मावि काकीज्युला वडा न ं ६
६) हिमालय आवि गोठगाउ वडा नं ४
७) दिपेन्द्र मावि मुल्साम वडा नं ३
८) वीरेन्द्र ऐश्वर्य मावि लिम्सा वडा नं २
९) जनज्योती प्रावि भैसामारे वडा नं २
१०) कालिका मावि रामीडाडा वडा नं १
११) विधादेवी प्रावि धौलाकोट वडा नं १

निर्णय नं ७

मुख्य मन्त्री रोजगार कार्यक्रमवाट यस पपालिकामा संचालनका लागि कलेवारी काफलपाटा खानेपानी योजना निर्माणका लागि रु ६४ लाख स्वीकृत भै आएको र छोटो समयमा उक्त खानेपानी निर्माण सम्पन्न गर्न नसकिन स्थानीय उपभोकताहरुको आशय वुझिएको मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयको च नं १७९६ मिति २०७७।०२।१५ गतेको पत्रवाट आवश्यकताका आधारमा अन्य योजना परिवर्तन गर्न सकिने भनि पत्र प्राप्त भएकोले सो पत्रका आधारमा तपशिलमा उल्लेखित योजनाहरुवाट वढि भन्दा वढि रोजगारी सिर्जना हुने छिटो प्रतिफल प्राप्त हुने देखिएकोले उक्त योजनाहरु छनौट गरी संचालन गर्नका लागि स्वीकृतीका लागि मुख्य मन्त्री तथा मन्त्रीपरिषको कार्यालय वीरेन्द्रनगर सुर्खेत र सामाजिक विकास कार्यालय जाजरकोटलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ८

मुख्य मन्त्री रोजगार कार्यक्रमवाट यस पपालिकामा संचालनका लागि कलेवारी काफलपाटा खानेपानी योजना निर्माणका लागि रु ६४ लाख स्वीकृत भै आएको र छोटो समयमा उक्त खानेपानी निर्माण सम्पन्न गर्न नसकिन स्थानीय उपभोकताहरुको आशय वुझिएको मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयको च नं १७९६ मिति २०७७।०२।१५ गतेको पत्रवाट आवश्यकताका आधारमा अन्य योजना परिवर्तन गर्न सकिने भनि पत्र प्राप्त भएकोले सो पत्रका आधारमा तपशिलमा उल्लेखित योजनाहरुवाट वढि भन्दा वढि रोजगारी सिर्जना हुने छिटो प्रतिफल प्राप्त हुने देखिएकोले उक्त योजनाहरु छनौट गरी संचालन गर्नका लागि स्वीकृतीका लागि मुख्य मन्त्री तथा मन्त्रीपरिषको कार्यालय वीरेन्द्रनगर सुर्खेत र सामाजिक विकास कार्यालय जाजरकोटलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल
१. शौचालय निर्माण बारेकोट २, लिम्सा २ लाख ८० हजार ६ सय
२. नेपाल खाद्य संस्थान मर्मत बारेकोट ५ घाट ५ लाख
३. भेटनरी भवन मर्मत १ लाख
४. प्रहरीचौकि लिम्सा भान्सा तथा शौचालय मर्मत १ लाख ५० हजार
५. प्रहरीचौकि सक्ला चेक पोष्ट तथा भान्सा १ लाख ५० हजार
६. वाहुनिथान मन्दिर मर्मत १ लाख
७. भयार देवता मन्दिर मर्मत ३ लाख
८.वडा नं ४ कार्यालय भवन संरक्षण वाल १३ लाख

बारेकोट गाउँपालिका, गाउँकार्यपालकाको बैठक
२०७७ जेष्ठ २४
गते

९. वडा नं ५ सरसवति मा.बि.सिलिंगचौर बारेकोट ५, ९ लाख
१० जनता आ.वि. बारेकोट २, ९ लाख
११ वडा नं ६ सडक निर्माण ८ लाख
१२ वडा नं ७ सडक निर्माण ९ लाख

निर्णय नं ९

प्रधानमन्त्री रोजगार कार्यक्रमवाट संचालन गर्ने योजनाहरु छनौट भएका वेरोजगारहरु छनौट गरी काममा लगाउने व्यवस्था भएकोमा वडा वडामा वेरोजगार व्यक्तिहरु छनौट भै सकेका भरपर्दो इन्टरनेट सेवा नभएकोले डाटा इन्टीमा समस्या भै परिचय पत्र लगायतका काममा समस्या भएकोले उक्त कार्यक्रवाट छनौट भएका आयोजनाहरु संचालन गर्नका लगि वडा कार्यालयमा सुचीकृत भएका व्यक्तिहरुवाट काम संचालन गर्नका लागि आवश्यक र्निशनका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १०
अध्यक्ष रेडियो टी भी कार्यक्रमको. रु ४ लाख खर्च हुनसक्ने नदेखिएकोले स्वच्छता परियोजनावाट संचालन भएका आयोजनाहरुमा भुक्तानी गर्ने गरी स्वच्छता संपुरक कोषमा रकमान्त्तर गर्ने निर्णय गरीयो ।

निर्णय नं ११
कार्यापालिकाको वैठक वस्न नसक्ने परिसथितिको सिर्जना भै कोरना नियन्त्रण व्यवस्थापनमा भएको खर्च भुक्तानी गर्न रकमको अभाव हुने भएमा खर्च हुननसक्ने विकास आयोजना तथा कार्यक्रममा रहेको रकम पछि अनुमोदन हुनेगरी रकमान्तर गरी खर्च गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रतयोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १२** विपद व्यवस्थापन कोषबाट खर्चहुनेगरी घरमा आगालागि तथा हावाहुरी भई घर पूर्णरुपमा क्षतिभएका तपलि व्यक्तिहरुलाई देहाय अनुसार रकम उपलब्ध गराउने निर्णय गरीयो ।

१. विर बहादुर नेपाली घर आगालागि बारेकोट ४, ५० हजार
२. लाले कामी घर आगलागि बारेकोट ४, ५० हजार
३. भीमबहादुर सिंह हावाहुरी बारेकोट ४, ३० हजार
४. मान बहादुर वस्नेत हावाहुरी ३० हजार
५. कृष्ण बहादुर सिंह बारेकोट ५ घर हावाहुरी ३० हजार
६. कृष्ण बहादुर सिंह घर आगालागि बारेकोट ५, ५० हजार
७. दिपक महतारा घर आगालागि बारेकोट ६, ५० हजार
८........................घर आगलागि बारेकोट १, ५० हजार ।
९. नविनराज बुढा, घर आगालगि बारेकोट, ३, ५० हजार ।
१०. तारा बहादुर बस्नेत, ६, ५० हजार

**निर्णय नं १३** विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को महामारीको रोकथामका लागि लकडाउनका कारण समस्यामा परेका र घरमा कुनै पनि खाद्य तथा अन्य सर सामान नभएका कारण थप समस्यपरेको हुदा तपशिलका परिवारहरुलाई कोरोना विपद व्यवूथापन कोष बाद प्रति परिवार १० हजारका दरले राहत उपलब्ध गराउने निर्णय गरीयो ।

१. हिडवहादुर सिंह बारेकोट ५, साहुबाडा
२. कृष्ण बहादुर सिंहको वहिनी(......................) बारेकोट ५
३. रत्न बहादुर [illegible] बारेकोट ५,तल्कोट ।
४. कौसिला शाही बारेकोट ५ पाखा

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

*बारेकोट गाउँपालिका, गाउँकार्यपालकाको बैठक*
*२०७७ जेष्ठ २४*
*गते*

**निर्णय नं** १३ नेपाल सरकार , गृह मन्त्रालयको गत आ.ब.को परिपत्र अनुसार गाउपालिका केन्द्रमा सुरक्षा चौकि स्थापनाको लागि अर्को व्यवस्थापन नभए सम्मका लागि प्रहरी चौकिको घर भाडा, खानेपानि, फर्निचर , व्यारेका तथा अन्य आवश्यक सहयोगमा गाउपालिका पूर्ण दायित्व रहनेगरी गाउपालिका बाट प्रतिबदता समेत भएको हुँदा सो सम्बन्धमा बजेट बिनियोजनमा रकम छुटेको हुदा तपसिलका खर्च हुन नसक्ने रकमलाई रकमान्तर गरी सोहिअनुसार खर्च गर्ने निर्णय गरीयो ।

तपसिल

| क.स. | रकमान्तर शिर्षक | रकम रु | रकमान्तर शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | मुडा निर्माण प्रोत्साहन | १ लाख | खलंगादेखि बारेकोट सम्म सामान ढुवानि | १ लाख | |
| २. | छाला जुत्ता उद्योग प्रत्साहन | १ लाख | जिल्ला प्रहरी कार्यालय भान्सा घरमा टिनको छाना निर्माण | १ लाख | |
| ३ | सुशासन कार्याक्रम मध्येबाट | ५० हजार | प्रहरी चौकि लिम्सा घरभाडा (गत आ.व. [illegible]) | ५० हजार | |

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत